प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ३४

"हरेकले पाएको वरदानअनुसार, परमेश्वरका नाना प्रकारका अनुग्रहका असल भण्डारीहरूले जस्तो तिमीहरूले त्यो वरदान एक-अर्काको सेवामा लगाओ!"

१ पत्रुस ४:१०

एउटा सुन्दर विचार

एक जना दुःखमा परेका व्यक्तिलाई तिनले आफ्नो दुःख यति धैर्यसाथ कसरी सहन सके भनी सोधिएछ। तिनको जवाफभन्दा सुन्दर कुरा कल्पना गर्नै कठिन छ। तिनले भने, "लौरो चलाउनुहुने उहाँकै नजिक जाँदा प्रहारको चोट पनि हलुका हुन्छ।" - JFH

तपाई तटस्थ रहन सक्नुहुन्न!

येशूले भन्नुभयो, "यसकारण, जसकसैले मलाई मानिसहरूका सामु स्वीकार गर्ला, उसलाई म पनि स्वर्गमा हुनुहुने मेरा पिताका सामु स्वीकार गर्नेछु। तर जसले मलाई मानिसहरूका सामु इन्कार गर्ला, त्यसलाई म पनि स्वर्गमा हुनुहुने मेरा पिताका सामु इन्कार गर्नेछु" (मत्ती १०:३२–३३)।

येशूले फेरि भन्नुभयो, "जो मसँग छैन, त्यो मेरो विरोधमा छ" (मत्ती १२:३०)। अहिले तपाई या त येशूको पक्षमा हुनुहुन्छ, या उहाँको विरुद्धमा। उहाँको विषयमा तपाई तटस्थ रहन सक्नुहुन्न!

यो गम्भीर वचनमा ध्यान दिनुहोस्: "हामी मानिसहरूको गवाही ग्रहण गर्छौं भने परमेश्वरको गवाही त झन् ठूलो हो, किनकि परमेश्वरको गवाही यही हो, जुन गवाही उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ" (१ यूहन्ना ५:९)।

परमेश्वरका भण्डारी

"एकजना धनवान् मानिस थिए, जसको भण्डारी थियो; अनि त्यसको विषयमा त्यसले उनको सम्पत्ति बरबाद गरिरहेको छ भन्ने दोष उनीकहाँ ल्याइयो" (*लूका* १६:१)।

एक ख्रीष्टियनको रूपमा म परमेश्वरको भण्डारी हुँ (१ पत्रुस ४:१०)। यसकारण, समय-समयमा मैले आफ्नो भण्डारीपनको हिसाब गर्नु उचित हुन्छ, किनकि मैले चाँडै नै आफ्ना मालिक, प्रभु येशू ख्रीष्टलाई हिसाब दिनुपर्नेछ।

के मेरो मालिकले मलाई सुम्पनुभएका र उहाँकै उद्देश्यका लागि मात्र प्रयोग गरिनुपर्ने स्रोतसाधनहरूलाई मैले कुनै न कुनै रूपमा खेर फालिरहेको छु? मसँग भएका सबै कुरा— समय, स्वास्थ्य, बल, धनसम्पत्ति, क्षमता, आत्मिक वरदान र भलाइको काम गर्ने मौका। तर यी सबैभन्दा महत्त्वपूर्ण कुरा त मभित्र रोपिएको उहाँको पुनरुत्थानको जीवन हो; मलाई परमेश्वरको इच्छा पूरा गर्न सामर्थ्य दिन निरन्तर साथमा रहनुहुने शान्तिदाता, उहाँको आत्मा हो; मेरो आत्माको भोजन, मेरा पाइलाका निम्ति ज्योति र मेरा सबै शत्रुहरूलाई परास्त गर्ने अजेय तरवार, उहाँको अनन्त वचन हो; अनि हरसमय अनुग्रहको सिंहासनमा सीधै पहुँच पाउने सुअवसर हो। यी सबै र यस्ता अरू कुराहरू उहाँले कलवरीमा कति ठूलो मूल्य चुकाएर मलाई दिनुभएको छ! के म साँच्चै विश्वासयोग्य भण्डारी हुँ? के म अल्छी भएर कुनै न कुनै रूपमा मेरा पिताको कामलाई बेवास्ता गरिरहेको छु? के म स्वार्थी बनेर उहाँकै निम्ति मात्र प्रयोग गरिनुपर्ने कुराहरू आफ्नै स्वार्थका लागि प्रयोग गरिरहेको छु?

हे मेरो प्राण, विचार गर् त—परमेश्वरले अनुग्रहपूर्वक दिनुभएको समय तैंले कति पटक खेर फालेको छस्! अनि आफ्ना प्रभुलाई हिसाब दिनुपर्ने दिनलाई ध्यानमा नराखी तैंले कति पटक पैसा खर्च गरेको छस्! निश्चय नै उहाँ दयालु र अनुग्रही मालिक हुनुहुन्छ। तर यही कारणले पनि तैंले उहाँको हृदयलाई दुःखित पार्ने कुरादेखि डराउनुपर्छ। यसकारण, आफ्ना कम्मर कस् र आफ्नो छोटो जीवनको प्रत्येक क्षण उहाँलाई प्रसन्न पार्ने काममा आफूलाई पूर्ण रूपमा समर्पित गर्।

चाँडै नै तँलाई घर बोलाइनेछ। के तँ उहाँबाट "स्याबास!" भन्ने वचन सुन्न चाहँदैनस् र? त्यसो हो भने, आफ्नो मालिकको सम्पत्ति खेर फाल्न छोड्। आफ्नो तोडा रुमालमा लुकाएर नराख्। बरु त्यसलाई लगानी गर् र त्यसबाट हुने लाभलाई दोब्बर, तेब्बर, चौबर बनाऊ। किनकि काम गर्ने समय अहिले नै हो, बाली कटनीका लागि तयार छ र खेतालाहरू थोरै छन्। - प्रदेश श्रेष्ठ



यदि मण्डलीका प्रत्येक सदस्य म जस्तै भएको भए, त्यो कस्तो किसिमको मण्डली हुनेथियो?

© 2026 WORDOFTRUTH.COM.NP

परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

मण्डलीको उठाइलगिने दिनदेखि अनन्त भविष्यसम्मका सङ्घर्षहरू

साँचो मण्डलीको उठाइलगिने घटना

जब परमेश्वरले इस्राएललाई उसको मूल आशिष्को अवस्थामा पुनर्स्थापित गर्ने समय आउँछ, तब संसारमा रहेको साँचो मण्डलीसम्बन्धी उहाँको उद्देश्य पूरा भइसकेको हुनेछ। त्यसपछि, पूर्वसूचना नदिईकन, तोकिएको समयमा येशू ख्रीष्ट पृथ्वीभन्दा माथि आकाशमा आउनुहुनेछ। एकै क्षणमा उहाँले मृत्यु भइसकेका सबै साँचो ख्रीष्टियनहरूलाई मृतकबाट जीवित पार्नुहुनेछ, जीवित रहेका सबै साँचो ख्रीष्टियनहरूका शरीरलाई रूपान्तरित गर्नुहुनेछ र दुवै समूहलाई एकसाथ संसारबाट उठाएर लैजानुहुनेछ। ख्रीष्टियनहरू येशूलाई आकाशमा भेट्नेछन् र उहाँसँगै स्वर्गमा फर्कनेछन् (यूहन्ना १४:१–३; १ कोरिन्थी १५:५१–५२; १ थेस्सलोनिकी ४:१३–१७)। यस महान् घटनालाई मण्डलीको उठाइलगिने घटना अर्थात् च्याप्चर (Rapture) भन्ने गरिन्छ। पवित्रशास्त्रअनुसार, यो अब कुनै पनि बेला घट्न सक्ने भविष्यसूचक घटना हो।

साँचो मण्डली सङ्गठित ख्रीष्टियन जगत्को एउटा भाग भए तापनि, सम्पूर्ण ख्रीष्टियन जगत् नै साँचो मण्डली होइन। शैतानले ख्रीष्टियनहरूका बीचमा आफूलाई ख्रीष्टियन भनी दाबी गर्ने धेरै झूटा अनुयायीहरू घुसाएको छ, जो साँचो विश्वासी होइनन्। त्यसैले, जब साँचो मण्डली संसारबाट उठाइलगिनेछ, तब ख्रीष्टियन जगत्को ठूलो हिस्सा संसारमै रहनेछ। शैतानको राज्यका मानिसहरूबाट बनेको ख्रीष्टियन जगत्को सम्पूर्ण सदस्यता यथावत् रहनेछ। साँचो विश्वासीहरू हटिसकेपछि, यी झूटा अनुयायीहरूलाई सम्पूर्ण ख्रीष्टियन जगत्लाई एउटै महान् सत्यत्यागी मण्डलीमा एकत्रित गर्न कुनै कठिनाइ हुनेछैन। त्यस मण्डलीको मुख्यालय एउटा महान् सहरमा अवस्थित हुनेछ (प्रकाश १७)।

दानियलको सत्तरीऔँ हप्ता

मण्डली उठाइलगिएपछि संसार एउटा विशेष सातवर्षे अवधिमा प्रवेश गर्नेछ, जसको उत्तरार्धमा ठूलो र अभूतपूर्व सङ्कष्ट हुनेछ (मत्ती २४:२१)। परमेश्वरले इस्राएलका निम्ति योजना गर्नुभएका सात-सात वर्षका सत्तरी अवधिमध्ये यो अन्तिम अवधि हुने कुरा दानियलले अगमवाणी गरेका हुनाले यसलाई दानियलको सत्तरीऔँ हप्ता भनिएको छ। यस अवधिमा सङ्कष्ट व्याप्त हुने भएकाले कतिपयले यसलाई सङ्कष्टकाल (tribulation period) पनि भनेका छन्।

दानियलको ७० औँ हप्ताका निम्ति शैतानका उद्देश्यहरू

परमेश्वरको राज्यविरुद्धको आफ्नो युद्धमा शैतानका दानियलको सत्तरीऔँ हप्ताका निम्ति चारवटा प्रमुख उद्देश्य हुनेछन्। तिनलाई छुट्टाछुट्टै शीर्षकअन्तर्गत विचार गरिनेछ।

आफ्नो राज्यको दृश्य र राजनीतिक स्वरूप स्थायी रूपमा स्थापित गर्नु। आफ्नो राज्यको दृश्य र राजनीतिक स्वरूपलाई विश्वव्यापी तथा स्थायी रूपमा स्थापना गर्नु नै शैतानको पहिलो उद्देश्य हुनेछ। यसो गर्न उसलाई आफ्नो राज्यमा शासन गर्ने एउटा राजा चाहिनेछ। यस राजाले ख्रीष्टले गर्न अस्वीकार गर्नुभएको काम गर्नेछ—संसारका राज्यहरूमाथि शासन गर्न शैतानको अधीनमा आफूलाई सुम्पनेछ (मत्ती ४:८–१०)।

शैतानले यस्तो मानिस भेट्टाउनेछ, तर दुईवटा घटना नघटेसम्म उसले त्यस मानिसलाई संसारको राजाको रूपमा प्रकट गर्न सक्नेछैन (२ थेस्सलोनिकी २:३, ६–७)। पहिलो, "धर्मपतन" अथवा "सत्यत्याग" हुनुपर्छ (२ थेस्सलोनिकी २:३)। संसार शैतानको मानिसलाई शासकका रूपमा स्वीकार गर्न तयार हुनुअघि मानिसहरूले परमेश्वरबाट सत्यत्याग गरेको हुनुपर्छ। सम्भवतः, वर्तमान समयमा मानिसहरूले व्यक्तिगत परमेश्वरको अस्तित्वलाई झन्झन् अस्वीकार गर्नु नै त्यो सत्यत्याग हो। साथै, परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्दा उत्पन्न हुने आत्मिक रिक्ततालाई शैतानले आफ्नो मानिसद्वारा पूरा गर्नेछ।



दोस्रो, शैतानको मानिस प्रकट हुनुअघि उसलाई रोकिराख्ने व्यक्ति हटाइनुपर्छ (२ थेस्सलोनिकी २:६–७)। इतिहासभरि शैतानले आफ्ना इच्छा पूरा गर्न अथक प्रयास गरेको भए तापनि उसले ती पूर्ण रूपमा पूरा गर्न सकेको छैन। पवित्र आत्माले निरन्तर उसका राज्यसम्बन्धी गतिविधिहरूलाई रोकिरहनुभएको छ। मण्डली उठाइलगिने समयमा, जब संसार-मा शैतानको राज्यका मानिसहरू मात्र बाँकी रहनेछन्, तब पवित्र आत्माले रोक्ने आफ्नो काम बन्द गर्नुहुनेछ। यसले परमेश्वरको शत्रुलाई आफ्नो मानिस प्रकट गर्ने अवसर दिनेछ।

बाइबलमा यस मानिसलाई विभिन्न नाम दिइएका छन्, र प्रत्येक नामले उसको चरित्रको एउटा पक्ष प्रकट गर्छ। प्रेरित यूहन्नाले उसलाई ख्रीष्टविरोधी भनेका छन्। ख्रीष्टविरोधीका रूपमा उसले व्यक्तिगत परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्नेछ र येशू ख्रीष्ट मानव शरीर धारण गर्नुभएका परमेश्वर

हुनुहुन्थ्यो भन्ने कुरालाई इन्कार गर्नेछ (१ यूहन्ना २:१८, २२; ४:३; २ यूहन्ना ७)।

दानियलले उसलाई आफ्नै इच्छाअनुसार गर्ने राजा भनेका छन् (दानियल ११:३६), र पावलले उसलाई "पापको पुरुष" भनेका छन् (२ थेस्सलोनिकी २:३, ८)। यी नामहरूले ऊ वर्तमान अराजकता र अधर्मको भावनाको अन्तिम अभिव्यक्ति हुनेछ भन्ने सङ्केत गर्छन्। उसले आफ्ना इच्छाहरूमाथि कुनै बाह्य नियन्त्रण वा आफूले बनाएको व्यवस्थाबाहेक अरू कुनै व्यवस्था स्वीकार गर्नेछैन। आफूले चाहेको कुरा, आफूले चाहेको समयमा सबैले गरून् भन्ने उसले माग गर्नेछ। रिसले चूर भएको जिद्दी बालकले जस्तै, आफ्नो विरोध गर्ने सबैमाथि उसले क्रोध पोख्नेछ।

पावलले उसलाई "विनाशको पुत्र" पनि भनेका छन् (२ थेस्सलोनिकी २:३)। जसरी छोराले आफ्ना आमाबुबाको स्वभाव पाउँछ, त्यसरी नै यस मानिसले शैतानबाट आफ्नो स्वभाव प्राप्त गर्नेछ। सबै दुष्टताको स्रोत शैतानबाट आएको हुनाले ऊ विनाशको योग्य हुनेछ। शैतानले उसलाई यसरी शक्ति दिनेछ र नियन्त्रण गर्नेछ कि उसले शैतानका सबै महान् उद्देश्यहरू पूरा गर्नेछ। परमेश्वरको अस्तित्वलाई अस्वीकार गरिसकेपछि उसले जीवनको अर्थ र उद्देश्य खोज्न आफूलाई समर्पित गर्नेछ। शैतानले उसलाई आफ्नो महान् प्रतिनिधि बनाउनेछ।



ख्रीष्टविरोधीले आश्चर्यजनक सफलता प्राप्त गर्नेछ। मण्डली उठाइलगिएपछि ऊ पुनर्जागृत रोमी साम्राज्यको प्रमुख बन्नेछ। सुरुमा यो साम्राज्य दसवटा पश्चिमी राष्ट्रहरूको सङ्घ हुनेछ (दानियल २:४०–४४; ७:२३–२५; प्रकाश १३:१; १७:१२–१३)। शैतानले उसलाई दिने अलौकिक शक्तिहरूको प्रभावशाली प्रदर्शनद्वारा उसले पश्चिमी संसारलाई आफू नै उसका सबै समस्याहरूको समाधान भएको विश्वास दिलाउनेछ (२ थेस्सलोनिकी २:८–१२)।

निस्सन्देह, उसले मानवजातिलाई एकताबद्ध गर्ने, कानुन र व्यवस्था कायम गर्ने, सामाजिक संरचनामा आमूल परिवर्तन गर्ने, अन्याय र गरिबी हटाउने, राष्ट्रहरूलाई एउटै सरकारअन्तर्गत एकताबद्ध गरेर पूर्ण शान्ति स्थापित गर्ने र जनसङ्ख्या विस्फोटनका समस्याहरू समाधान गर्ने वाचा गर्नेछ। यसको बदलामा उसले सबै अधिकार आफ्नो हातमा सुम्पनुपर्ने माग गर्नेछ। आफ्ना वाचाहरू पूरा गर्न सक्ने शक्ति आफूसँग छ भन्ने विश्वास दिलाउँदै र मानवजातिलाई खतरामा पार्ने समस्याहरू समाधान गर्न नसकेकोमा आफ्नै असफलताप्रति चिन्तित हुँदै पश्चिमी संसारले ख्रीष्टविरोधीलाई आफ्नो मुक्तिदाता र मसीहका रूपमा स्वागत गर्नेछ र उसलाई पूर्ण नियन्त्रण सुम्पनेछ। निस्सन्देह, यस तानाशाहीको विरोध गर्ने जोसुकैलाई मानवजातिको शत्रु ठहर गरिनेछ।

सत्तामा पुग्ने क्रममा ख्रीष्टविरोधीले पश्चिमी संसारको सत्यत्यागी मण्डलीसँग गठबन्धन गर्नेछ, ताकि त्यसको र त्यसका मानिसहरूको शक्तिशाली समर्थन प्राप्त गर्न सकोस् (प्रकाश १७)। यसका अतिरिक्त, पश्चिमी संसारको प्रमुख बनेपछि आफ्नो शासनको प्रारम्भमा ख्रीष्टविरोधीले इस्राएल राष्ट्रसँग एउटा करार गर्नेछ, जसद्वारा उसले शत्रुहरूबाट इस्राएलको सुरक्षा गर्नेछ र उसलाई पुरानो करारअनुसारको आराधना पुनःस्थापित गर्ने स्वतन्त्रता दिनेछ (दानियल ९:२७)। यस प्रतिज्ञाबाट आश्वस्त भएर इस्राएलले आफ्नो सुरक्षा कार्यक्रमलाई पन्छाएर शान्तिपूर्ण कार्यहरूमा ध्यान दिनेछ (इजकिएल ३८:११, १४)। उसले यरूशलेममा मन्दिर पुनर्निर्माण गर्नेछ र पुरानो करारका बलिदानहरू पुनः सुरु गर्नेछ। यसरी आफ्नो शासनको पहिलो साढे तीन वर्षमा ख्रीष्टविरोधी पश्चिमी संसार, सत्यत्यागी मण्डली र इस्राएलका अधिकांश मानिसहरूका निम्ति अत्यन्तै परोपकारी देखिनेछ।

शैतानले ख्रीष्टविरोधीलाई विश्वव्यापी राज्य स्थापना गर्ने लक्ष्य पछ्याउन प्रेरित गर्नेछ। तर यो लक्ष्य प्राप्त गर्ने प्रयासमा ख्रीष्टविरोधीलाई प्यालेस्टाइनको उत्तरतिरबाट आउने एउटा विशाल सैन्य शक्तिले विरोध गर्नेछ। सत्तरीऔँ हप्ताको मध्यतिर सिरिया र इजिप्टले ख्रीष्टविरोधीको सुरक्षाको ग्यारेन्टीलाई चुनौती दिँदै उत्तर र दक्षिणबाट इस्राएलमाथि आक्रमण गर्नेछन् (दानियल ११:४०)। उत्तरका राष्ट्रहरूलाई यसो गर्न उत्तरको शक्तिले प्रेरित गरेको हुन सक्छ। यस आक्रमणको प्रतिक्रियास्वरूप ख्रीष्टविरोधीले आफ्ना सेनाहरूलाई मध्यपूर्वतिर दौडाउनेछ, सिरियालाई नष्ट गर्नेछ र इजिप्टमाथि आक्रमण गर्न दक्षिणतिर अघि बढ्नेछ (दानियल ११:४०–४३)। इजिप्टलाई परास्त गरिरहेको बेला उसले पूर्व र उत्तरबाट आएको चिन्ताजनक समाचार सुन्नेछ (दानियल ११:४४)।

उत्तरबाट आएको समाचारले प्यालेस्टाइनको उत्तरमा रहेको विशाल शक्तिले इस्राएलमाथि आक्रमण गरेको सङ्केत गर्न सक्छ। पश्चिमी संसारले मध्यपूर्वमा हस्तक्षेप गरेको प्रतिक्रियास्वरूप यो आक्रमण भएको हुन सक्छ (इजकिएल ३८:१–१६)। इजिप्टमा हुँदा ख्रीष्टविरोधीले यो समाचार सुन्नेबित्तिकै उत्तरी आक्रमणकारीलाई नष्ट गर्ने उद्देश्यले आफ्ना सेनाहरूलाई तीव्र गतिमा उत्तरतिर इस्राएलमा अघि बढाउनेछ (दानियल ११:४४)। तर त्यहाँ पुग्नुअघि नै परमेश्वरले त्यस विशाल उत्तरी सेनालाई अलौकिक रूपमा नष्ट गरिसक्नुभएको हुनेछ (इजकिएल ३८:१७–३९:२०)।

सत्तरीऔँ हप्ताको मध्यतिर ख्रीष्टविरोधीको प्रमुख

विरोधीको यस विनाशले उसलाई आफ्नो शासन विश्वव्यापी स्तरमा विस्तार गर्न सक्षम बनाउनेछ। उसको अधिकारलाई चुनौती दिने कोही बाँकी नरहेपछि उसले आफूखुसी गर्न पाउनेछ। त्यतिबेला उसको परोपकारी देखिने भूटो रूप हट्नेछ र उसको वास्तविक क्रूर स्वभाव प्रकट हुनेछ। उसले इस्राएलमा आफ्नो मुख्यालय स्थापना गर्नेछ (दानियल ११:४५), इस्राएललाई पुरानो करारका बलिदानहरू चढाउन बन्द गर्न बाध्य पारेर त्यससँगको आफ्नो करार तोड्नेछ (दानियल ९:२७) र सत्यत्यागी मण्डलीलाई नष्ट गर्नेछ (प्रकाश १७:१६)।

धर्मका अन्य रूपहरूलाई अन्त्य गरेपछि ख्रीष्टविरोधीले यहूदी मन्दिरको महापवित्र स्थानमा आफ्नै मूर्ति खडा गर्नेछ। उसले आफू नै परमेश्वर भएको घोषणा गर्नेछ र सबैले आफ्नो आराधना गर्नुपर्ने माग गर्नेछ (दानियल ९:२७; ११:३६–३७; मत्ती २४:१५; २ थेस्सलोनिकी २:४)। शैतानले उसलाई यसो गर्न प्रेरित गर्नेछ, किनकि ख्रीष्टविरोधीको आराधनाद्वारा शैतानले आफैँ आराधना पाउनेछ (प्रकाश १३:४)। संसारका अधिकांश मानिसहरूलाई शैतानको यस प्रतिनिधिको आराधना गर्न कुनै समस्या हुनेछैन (प्रकाश १३:८)। मानिस ईश्वरत्व अर्थात् ईश्वरसरह हुने अवस्थातर्फ विकसित हुँदै छ भन्ने वर्तमान दर्शनका कारण संसारलाई यस प्रकारको आराधनाका लागि तयार पारिँदैछ। ख्रीष्टविरोधीका अलौकिक शक्तिका कारण मानिस नै क्रमविकासको अन्तिम परिणाम हो भन्ने निष्कर्षमा पुग्न संसारलाई सजिलो हुनेछ। त्यसकारण, मानवजाति के बन्दैछ भन्ने कुराको प्रतिनिधिका रूपमा उसलाई आराधना गरिनेछ।

शैतानले अर्को मानिसलाई ख्रीष्टविरोधीको सम्प्रदायको प्रधान पूजाहारी बन्न सक्षम बनाउन आफ्ना अलौकिक शक्तिहरू दिनेछ। भूटा अगमवक्ता भनिने यस मानिसले राजाको तर्फबाट अत्यन्तै सङ्गठित धार्मिक प्रणाली विकास गर्नेछ र त्यसको नेतृत्व गर्नेछ (प्रकाश १६:१३; १९:२०)। यस प्रणालीको विकाससँगै ख्रीष्टविरोधी आफ्नो कार्यको चरम शिखरमा पुग्नेछ। उसलाई साढे तीन वर्षसम्म आफ्नो उच्च पदमा रहन अधिकार दिइनेछ (प्रकाश १३:५)।

साभार: *What on Earth is God Doing* by Renald Showers

(*क्रमशः आगामी अंकमा*)

एउटी आमाको प्रार्थना

चालीस वर्षअघि, पूर्वी अमेरिकाको पहाडी भेगमा आठ जना छोराछोरीकी एउटी आमा विधवा भइन्। उनका आठमध्ये पाँच जना छोराछोरी चौध वर्ष पनि पुगेका थिएनन्। अब उनले विधवाहरूका परमेश्वर र टुहुराहरूका पितामाथि भरोसा राख्नुपर्ने भयो।

उनले नियमित रूपमा आफ्ना छोराछोरीलाई आफूसँग भेला गर्थिन् र पारिवारिक आराधनामा अगुवाइ गर्थिन्। मध्यरातमा पनि, सबै जना निदाइसकेपछि, तिनको मधुरो स्वर आफ्ना छोराछोरीमाथि कृपा गरिदिनुहोस् भनी स्वर्गमा हुनुहुने पितासँग बिन्ती गरिरहेको सुनिन्थ्यो।



उनकी कान्छी सन्तान २१ वर्ष पुग्नुअघि नै, एक छोराबाहेक सबैले ख्रीष्टमा मुक्ति पाए। त्यो छोरो सानै उमेरमा कुनै सीप सिक्न घर छोडेर गएको थियो। तर वयस्क भएपछि ऊ त्यहाँ पुग्यो, जहाँ पवित्र आत्माले विशेष रूपमा काम गरिरहनुभएको थियो। कुनै समय आमासँग एउटै कोठामा सुत्दा मध्यरातमा सुनेको आमाको प्रार्थनाको स्वरले उसको हृदय छोयो। उसले पनि ख्रीष्टमा शान्ति पायो। त्यसयता ऊ लामो समयदेखि मण्डलीको एउटा बलियो खम्बा बनेको छ र एउटा नयाँ बस्तीमा प्रभुको वचनको सेवा गर्दै आएको छ।

ती आमा अझै जीवितै छिन्। उनी शान्त र सुखी जीवन बिताउँदै आफ्नो जीवनको अन्तिम घडीको प्रतीक्षा गरिरहेकी छिन्। उनका सबै छोराछोरी अझै जीवितै रहेको बुझिन्छ। उनीहरूले तेस्रो पुस्तासम्म आमाको असल प्रभाव पुऱ्याउँदै आएका छन् र आमालाई सहयोग गर्न पनि तत्पर छन्। आमासँग यस संसारमा जीवन धान्न पर्याप्त सम्पत्ति पनि छ।

प्रार्थना गर्ने एउटी विधवा आमा र उनका छोराछोरीको चालीस वर्षको जीवनकथा यही हो।

स्रोत: *Jewels for the Household* (1853) by Tyron Edwards

अनन्तताको तयारी

अनन्तताका लागि तपाईको योजना के छ? के तपाईलाई स्वर्गमा हुनुहुने पिताको घरमा अनन्तकाल बिताउने आशा छ? परमेश्वरले तपाईका सबै पापको क्षमा पाउने र नयाँ स्वभाव प्राप्त गर्न दिनुभएको छ, जसले तपाईलाई स्वर्गको आनन्द लिन योग्य बनाउनेछ।

येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन" (यूहन्ना १४:६)।

येशू ख्रीष्टलाई आफ्नो हृदयमा आउन दिनुभयो भने मात्र तपाईले स्वर्गमा हुनुहुने पिताको घरमा प्रवेश गर्ने सौभाग्य पाउनुहुनेछ। यदि तपाईले अहिलेसम्म उहाँलाई आफ्नो हृदयमा आउन दिनुभएको छैन भने, आजै उहाँलाई आउन दिनुहोस्।

- Fellowship

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310